कटारी नगरपालिका
Katari Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of Katari Municipal Executive
कटारी, उदयपुर
Katari, Udayapur
स्थापना २०७१

१ नं. प्रदेश नेपाल
Province No. 1, Nepal
EST. 2071

पत्र संख्या (Ref.No) :– ०७७/०७८
चलानी नं. (Dispatch No.) :–

मिति (Date) :-२०७८/०२/०५

# प्रेस विज्ञप्ती

मिति २०७८ साल जेष्ठ महिना ५ गते यस कटारी नगरपालिकाले संरक्षण गर्न लागेको सार्वजनिक जग्गा र सो वाट उत्पन्न परिस्थितिको सन्दर्भमा स्थानीय नागरिकहरुलाई भ्रम नपरोस भनि यो विज्ञप्ती जारी गरिएको छ। उक्त जग्गाको सन्दर्भमा सामाजिक संजालहरुमा जो कुरा सार्वजनिक भएको र घटनालाई अतिरिन्जीत गरी हिंसा सृजना गर्न खोजिएको छ घट्नालाई वास्ताविक रुपमा बुझ्न सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

उक्त जग्गा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०७३/०४/२४ गतेको चलानी नं. १३६ को पत्रानुसार कि.नं ११२ वाट कित्ता काट भई सुकुम्वासी समस्या समाधान आयोगवाट नापी भै बाँकी रहेको कि.नं. १२२ र कि.नं. ३५ तथा मरुवा खोलाको वाहाब क्षेत्र परिवर्तन भएकाले साविक खोलाको जग्गा संरक्षण गर्नु भनि आदेश भएको र उक्त जग्गा संरक्षणको लागि उक्त जग्गामा रहेको घर टहरा हटाउन नगरपालिकाले पटक पटक घर धनीलाई जानकारी गराईएको साथै सार्वजनिक सूचना समेत सार्वजनिक गरिएकोमा अटेर गरी बसोबास गरिरहेको तथा लकडाउनको मौका छोपी रातारात संरचना निर्माण गरिरहेको गुनासो समेत नगरपालिकामा आएकोले उक्त जग्गामा बनाएको संरचना हटाई जग्गाको संरक्षण गर्ने उद्देश्यले कटारी नगरपालिकाको अगुवाईमा मिति २०७८/०२/०५ गते उक्त क्षेत्रको मात्र घर टहरा हटाउने कार्यको थालनी भएको छ ।

उक्त कार्य रोक्नका लागि सिमित व्यक्तिले स्थानीयलाई भ्रम सृजना गरी नगरपालिकाले भूमिहिन सुकुम्वासीको जग्गा हडप्न खोजेको भनी भीड जम्मा गर्ने तथा उक्त कार्यमा अवरोध सृजन गर्ने कार्य गरेको तथा उक्त भीडले कटारी नगर प्रमुख ज्ञानेन्द्र श्रेष्ठको घर, उप प्रमुख भीम कुमारी राउतको घर, ईलाका प्रशासन कार्यालय कटारी समेत रहेको वडा नं. ४ का वडाअध्यक्ष कृष्ण राज दनुवारको घर, मदन भण्डारी राजमार्गको साईड अफिस रहेको घर र नगरपालिकाका सूचना अधिकारी ओम बहादुर मिश्रको घर तोडफोड गरेको र ईलाका प्रशासन कार्यालय कटारी सवारी साधन नगरपालिकाको गाडी दमकल तथा सानो सवारी साधन समेत तोडफोड गरिएको घटनावाट हाम्रो गम्भिर ध्यान आकर्षण भएको छ उक्त घटना प्रति खेद व्यक्त गर्दै यस्ता अपराधिक गतिविधिमा संलग्न नहुन र सामाजिक संजालमा समेत घटनाको वास्तविक्ता नबुझि सार्वजनिक नगर्न हुन सबैलाई अनुरोध गर्दछौ ।

भूमिहिन सुकुम्वासी, भूमिहिन दलित र अव्यवस्थित बसोबास गर्नेहरुको निमित्त लालपूर्जा वितरण गर्ने उद्देश्यले लगत संकलनको कार्य समेत सम्पन्न भई नाप नक्साको कार्य अगाडी बढिरहेको सबैलाई जानकारी गराईन्छ । नगरपालिका सक्रिय रुपमा वास्तविक भूमिहिन सुकुम्वासीहरुलाई जग्गा उपलब्ध गराउने तथा लालपूर्जा वितरण गर्ने कार्यमा लागि रहेको सबैलाई सूचित गरिन्छ । भ्रममा परि व्यक्तिगत हितको निमित्त सार्ववनिक सम्पत्ति हडप्ने तथा अपराधिक गतिविधिमा संलग्न नहुन सबैलाई अनुरोध गरिन्छ ।

नगरपालिकाले गरेको निर्णयमा विमत्ति भएमा त्यसको कानूनि बाटो हुदाँ हुदै पनि नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुलाई लक्षित गरि सार्वजनिक तथा व्यक्तिगत रुपमा धन जनको क्षति तथा हतोत्साहित हुने गरि दुर्व्यहार गरिएको घटनाले सुरक्षा चिन्ता बढेको ठहर गरिएको छ । साथै घटनामा संलग्न दोषीहरुको यथाशीघ्र पहिचान गरी कानूनी दायरामा ल्याउन प्रशासनसँग आग्रह गर्दछ ।

ज्ञानेन्द्र श्रेष्ठ
नगर प्रमुख